# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड५६)काठमाडौं,कात्तिक१७गते२०६३साल(अतिरिक्ताङ्क४०(क+१

## भाग ४

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री प्रदीपकुमार ज्ञवाली संयुक्त अधिराज्यको लण्डनमा आयोजमा हुने World Travel Market 2006 र फ्रान्सको पेरिसमा आयोजना हुने पर्यटन प्रवर्द्धन लगायतका कार्यक्रममा भाग लिने सिलसिलामा मिति २०६३।७।१८ गते त्यस तर्फ प्रस्थान गर्नु हुने भएकोले उहांको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको संस्कृति, पर्यटन तथा नागरीक उड्डथन मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय भूमिसुधार तथा व्यवस्था मन्त्री श्री प्रभुनारायण चौधरीले सम्हालने गरी तोक्नु भएको छ ।

आज्ञाले

डा. भोजराज घिमिरे

मुख्य सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-

गो.हु.द.नं.१६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२७. पद रिक्त हुने : देहायको अवस्थामा विश्वविद्यालयका पदाधिकारीहरुको पद रिक्त भएको मानिनेछ :-

(क) निजको मृत्यु भएमा ,

(ख) निजले नियुक्ति गर्ने अधिकारीसमक्ष राजीनामा दिएमा,

(ग) निज नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(घ) निजको मानसिक सन्तुलन ठीक नभएको प्रमाणित भएमा, वा

(ङ) निजलाई यस ऐनबमोजिम पदबाट हटाइएमा ।

२८. पदबाट हटाउन सकिने : (१) उपकुलपति, रजिष्ट्रार वा डीनले आफ्नो पद अनुरुपको जिम्मेवारी पूरा नगरेको वा निजले पद अनुकूलको आचरण नगरेको भनी सभामा तत्काल कायम रहेका एक चौथाई सदस्यहरुले निजलाई पदबाट हटाउन कुलपतिसमक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा विश्वविद्यालय अनुदान आयोगको सदस्य र शिक्षा तथा खेलकूद मन्त्रालयका सचिव रहेको तीन सदस्यीय एक छानबिन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित छानबिन समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी तीस दिनभित्र आफ्नो प्रतिवेदन कुलपतिसमक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि कुलपतिले सो प्रतिवेदन सभासमक्ष पेश गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।